नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३४) काठमाडौं, भदौ ५गते २०४१ साल (अतिरिक्ताङ्क २५

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (२) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रीले आफ्नो निजी गुण्टा, झिटी भारीमा आफूसँगै ल्याएको वा लगेको (एकम्पनीड) वा आफू आउनु-भन्दा अघि वा पछि ल्याएको वा पठाएको (अन एकम्पनीड) मालसामानमा भन्सार महसूल तथा बिक्रीकर सुविधा सम्बन्धमा निम्नबमोजिमको व्यवस्था गरेको छ ।

१. झिटी, गुण्टा भारीमा लग्न ल्याउन पाउने सामानहरूः—

(१) चलनचल्तीमा ल्याएका लुगाफाटाहरू बर बिछ्यौना कसन, तसन, घर गृहस्थीको पुरानो वस्तुहरू र गैह्र सामान । (तर मोटर, मोटर-साइकल, साइकल यस्तै सवारीका सामानहरू र खरखजानामा महसूल लाग्नेछ।)

(२) चलनचल्तीमा ल्याएको फाउन्टेनपेन एक र डटपेन वा सीसाकलम-सहितका सेट ।

(३) चलनचल्तीमा ल्याएका घडी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) जुनसुकै पेशामा लागेका व्यक्ति भए पनि सोसम्बन्धी कामका सामान, जस्तैः–

अ. कर्मीले काम गर्ना निमित्त चलनचल्तीमा ल्याएका ज्यावल बढीमा (१) सेट ।

आ. डाक्टरको काम गर्ना निमित्त चलनचल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञको लागि चलनचल्तीमा ल्याएको आवश्यकीय सामानहरू ।

इ. चलनचल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधि राख्ने सानो बाकस (वृफ्केश टाइप)

ई. गवैयाको गाना बजानाको यन्त्र एक गाना बजानासम्बन्धी आवश्यक सामान ।

उ. खेलाडीको खेलको सामान ।

ऊ. माछा मार्ने रड ।

(५) क्यामरा ।

(६) क्यामराको फिल्म प्लेट वा रोल ।

(७) चामल, चिउरा, पिठो, दाल, भटमास आदि खाद्यान्न चार किलो-ग्रामसम्म । तर भारतमा बसी पढ्ने नेपाली नागरिक तथा भारतीय तीर्थस्थानमा धार्मिक कार्य पूजा आदिका लागि जाने यात्रुका हकमा चामल २० के. जी. सम्म ।

(८) तेल ।

(९) घिउ ।

(१०) चिया ।

(११) सखर, गुँड, चाकु र चिनी ।

(१२) सुख्खा फलफूल ।

(१३) ताजा फलफूल ।

(१४) मिठाई अचारहरू ।

(१५) औषधि ।

(१६) कपडा सबै प्रकारका ।

(१७) सारी ।

(१८) ऊन ।

(१९) जुत्ता ।

(२०) टोप, टोपी, मोजा, पंखा, स्वेटर, तन्ना, रूमाल ।

३२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२१) शारीरिक अशक्त यात्रीले सहाराको रूपमा प्रयोग गरेको सामानहरू ।
(२२) तयारी लुगाहरू ।
(२३) खेलौना ।
(२४) टोवाको ।
(२५) चुरोट ।
(२६) जर्दा ।
(२७) शरीरमा लगाएको सुन ३ तोला वा चाँदी १५० तोला वा जवाहरात जडान भएको एकसरो गहना गुरिया बढीमा रू. ८,०००।– मूल्य सम्मको ।
(२८) मदिरा ।
(२९) हाते लुगा सिउने मेशिन ।
(३०) इस्त्री ।
(३१) क्यालकुलेटर ।
(३२) पोर्टेवल टाइपराइटर ।
(३३) पेराम्वुलेटर ।
(३४) पंखा ।
(३५) हिटर ।
(३६) चमर ।
(३७) फुरूङ्ग ।
(३८) मुगा (शरीरमा लगाएको) ।
(३९) थर्मस ।
(४०) रेडियो ट्रान्जिष्टर ।
(४१) फ्रिज ।
(४२) भ्याकुम क्लिनर ।
(४३) कुकिङ्ग रेज ।
(४४) वासिंग मेशिन ।
(४५) एयर कण्डिस्नर ।
(४६) किचेन इक्विपमेण्ट ।
(४७) क्रकरिज एण्ड कटलरिज ।
(४८) कस्मेटिक्स् ।
(४९) मोटर पार्टस् ।
(५०) अन्य घरायसी प्रयोगका सामान्य वस्तुहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. भन्सार महसूल तथा बिक्री कर पूर्ण छुट हुने मालवस्तुहरूः– कुनै यात्रीले आफ्नो घर खर्च एवं व्यक्तिगत प्रयोगको निमित्त ल्याएको दैनिक प्रयोगका देहायबमोजिमको माल वस्तुहरूमा पूर्ण अंशमा भन्सार महसूल तथा बिक्रीकर छुट हुनेछ ।

(१) चलन चल्तीमा ल्याएका लुगा फाटा, बर बिछ्यौना, कसन तसन, घर गृहस्थीको पुराना वस्तुहरू ।

(२) चलनचल्तीमा ल्याएको फाउन्टेनपेन १ डटपेन १ र सीसाकलम १ ।

(३) हातमा लगाएको वा प्रयोग गरेको घडी एक ।

(४) जुनसुकै पेशामा लागेका व्यक्ति भए पनि सोसम्बन्धी कामका सामान, जस्तैः–

अ. कर्मीले काम गर्ना निमित्त चलनचल्तीमा ल्याएको ज्यावल बढीमा १ सेटसम्म ।

आ. डाक्टरको काम गर्ना निमित्त चलनचल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञको लागि चलनचल्तीमा ल्याएको आवश्यकीय सामानहरू ।

इ. चलनचल्तीमा ल्याएको डाक्टर, वैद्यको यन्त्र तथा औषधि राख्ने सानो बाकस (वृफकेस टाइप)

ई. गवैयाको गाना बजानाको यन्त्र एक गाना बजानासम्बन्धी आवश्यक सामान ।

उ. खेलाडीको खेलको सामान जोर एक जस्तै राकेट दुई गोटा ।

ऊ. माछा मार्ने रड एक ।

(५) चलनचल्तीमा ल्याएको क्यामरा १ र सो क्यामराको फिल्म प्लेट वा रोल गोटा ३ ।

(६) चामल, चिउरा, पिठो, दाल, भटमास आदि खाद्यान्न ४ किलोग्राम-सम्म तर भारतमा बसी पढ्ने नेपाली नागरिक तथा भारतीय तीर्थ-स्थानमा धार्मिक पूजा आदिमा जाने यात्रुको हकमा २० किलोसम्म ।

(७) तेल ५ किलोग्रामसम्म ।

(८) घिउ ५ किलोग्रामसम्म ।

(९) चिया १ किलोग्रामसम्म, कफि १ किलोग्रामसम्म ।

(१०) सखर, गुँड, चाकु र चिनी प्रत्येक जम्मा १ किलोग्रामसम्म ।

(११) सुख्खा फलफुल ४ किलोग्रामसम्म ।

(१२) ताजा फलफुल रू. ५००।– मूल्यसम्मको ।

(१३) मिठाई अचारहरू रू. २००।– मूल्यसम्मको ।

(१४) औषधि बिरामीहरूको लागि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१५) शारीरिक अशक्त यात्रीले सहाराको रूपमा प्रयोग गरेका सामान ।

(१६) स्वदेश फर्कने नेपाली यात्रीहरूको शरीरमा लगाएको सुन ३ तोला वा चाँदी १५० तोला वा जवाहारात जडान भएको लगाई ल्याएको गहना गुरियाको रूपमा बढीमा रू. ८,०००।– मूल्यसम्मको ।

(१७) मदिरा बोतल १.१५ लिटरसम्मको ।

(१८) चमर एक थान (तिब्बतबाट आउनेको लागि) ।

(१९) पेराम्बुलेटर एक र ट्राइसाइकल एक ।

(२०) फुरूंग ३ गोटासम्म (तिब्बतबाट आउनेको लागि) ।

(२१) थर्मस चलनचल्तीमा ल्याएको गोटा १ एक ।

(२२) टोवाको ४ औंससम्म ।

(२३) चुरोट खिल्ली २०० र बिडी खिल्ली ५० सम्म ।

(२४) जर्दा ४ औंससम्म ।

(२५) शरीरमा लगाएको मुगा १० तोलासम्म (तिब्बतबाट आउनेको लागि) ।

३. माथि दफा २ मा उल्लेख गरिएका मालसामानका अतिरिक्त कुनै यात्रीले देहायका माल वस्तुहरू देहायका परिमाणमा नबढाई जम्मा रू. २,०००।– सम्म मूल्यको माल वस्तुहरू ल्याए वा लगेमा पूर्ण अंशमा भन्सार महसूल तथा बिक्रीकर छुट हुनेछ । तर रू. २,०००।– मूल्यभन्दा बढी वा तोकिएको परिमाणभन्दा बढी भएमा त्यस्तो बढी भएको जति परिमाण वा मूल्यमा दफा ४ अनुसार भन्सार महसूल लगाइने छ ।

१. कपडा सबै प्रकारका मिटर १० सम्म ।

२. साडी ४ गोटासम्म ।

३. ऊन २ पौण्डसम्म ।

४. जुत्ता ४ जोरसम्म ।

५. टोप, टोपी, मोजा, पंजा, स्वेटर, तन्ना, रूमाल गोटा प्रत्येक ४।४ सम्म ।

६. तयारी लुगाहरू १० जोरसम्म ।

७. खेलौना रू. २००।– सम्म ।

८. हाते लुगा सिउने मेशिन एक ।

९. इस्त्री एक ।

१०. क्यालकुलेटर एक ।

११. पोर्टेवल टाइपराइटर एक ।

१२. पङ्खा एक ।

१३. हिटर एक ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. रेडियो ट्रान्जिष्टर वा क्यासेट प्लेयर छुट्टै वा संयुक्त (रू. १,०००।– सम्मको) –१।१

१५. फ्रिज एक ।

१६. भ्याकुम क्लिनर एक ।

१७. कुकिङ्ग रेज एक ।

१८. वाशिङ्ग मेशिन एक ।

१९. ड्रायर मेशिन एक ।

२०. एयर कन्डिशनर एक ।

२१. किचन इक्विपमेण्टहरू (रू. ८००।–) सम्म ।

२२. क्रकरिज र कटलरिज (रू. ८००।–) सम्म ।

२३. कस्मेटिक्स् (रू. ८००।– सम्म) ।

२४. मोटर पार्टस् (रू. ८००।– मूल्यसम्मको) ।

२५. अन्य घरायसी प्रयोगका सामान्य वस्तुहरू रू. ८००।– सम्मको ।

४. इजाजतपत्र नचाहिने तर भन्सार महसूल तथा बिक्रीकर तिरेर ल्याउन पाइने हदः–

कुनै यात्रीले दफा १ मा उल्लेखित वस्तुहरूमध्ये माथि दफा ३ मा तोकिएको हद भन्दा बढी जम्मा रू. १५,०००।– सम्म मूल्यका वस्तुहरू ल्याएमा भन्सार महसूल र बिक्रीकर बापत निम्नबमोजिमको भन्सार महसूल र अतिरिक्त महसूल लगाइनेछ । तर कुनै यात्रुले यो सुविधा वर्षको ३ पटकभन्दा बढी पाउनेछैन ।

(१) यस दफाको उपदफा (२) मा तोकिएका वस्तुहरूमा बाहेक अरू वस्तुहरूको पैठारीमा माल वस्तुको मूल्यमा १५० प्रतिशत भन्सार महसूल लगाइनेछ । यसमा बिक्रीकर लाग्नेछैन ।

(२) देहायका वस्तुहरूको पैठारीमा माल वस्तुको मूल्यमा यस दफाको उपदफा (१) अनुसार लाग्ने १५० प्रतिशत भन्सार महसूल र मूल्यको १०० प्रतिशत अतिरिक्त महसूल लाग्नेछ । यसमा बिक्रीकर लाग्नेछैन ।

(क) सिन्थेटिक कपडा र उनी कपडा ।

(ख) सारी (सूती बाहेक) ।

(ग) तयारी लुगा र क्यासेट प्लेयर संयुक्त वा बेग्ला बेग्लै ।

(घ) रेडियो, ट्रान्जिष्टर रू. ६०० भन्दा बढी मोल पर्ने ।

(ङ) कस्मेटिक्स् ।

५. जफत हुने मालसामानहरूः– माथि दफा ३ मा उल्लिखित सामानहरू दफा ४ मा तोकिएको हदभन्दा बढी कुनै यात्रीले माल वस्तुहरू ल्याएमा वा भन्सार छल्ने नियतले लुकाई छिपाई ल्याएमा वा मनाही भएको सामानहरू ल्याएमा त्यस्ता सामानहरू जफत गरी कानूनबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. विदेशी मुद्राको आधिकारिक श्रोत भएका तथा विदेशबाट फर्केका नेपाली नागरिकहरूको लागि दिइने सुविधाः– कूटनैतिक नियोग, अन्तर्राष्ट्रिय सङ्घ संस्था वा विदेशमा काम गरी फर्केका र विदेशमा अध्ययन, तालीम, निरीक्षण भ्रमण, सेमिनार वा सम्मेलनमा भाग लिई फर्केका नेपाली यात्रीहरूलाई विदेशी मुद्राको आधिकारिक श्रोत भएमा दफा ३ बमोजिम पाउने रू. २,०००।– सम्मको मूल्यमा भन्सार महसूल र बिक्रीकरको छुटको अतिरिक्त निम्न बमोजिमको सुविधाहरू दिइनेछ ।

तर यो सुविधा भारतबाट फर्केका नेपाली नागरिकहरूलाई (कूटनैतिक नियोगमा काम गर्ने पदाधिकारी र कर्मचारीहरूबाहेक) दिइनेछैन ।

(१) १ वर्षभन्दा बढी विदेशमा बिताई फर्केका नेपाली नागरिकले रू. २०,०००।– सम्मको मालसामान बिना इजाजतपत्र ल्याउन पाउनेछ र यस्ता मालसामानहरूमा लाग्ने महसूलमध्ये भन्सार महसूल र बिक्रीकर गरी रू. ४,२०००।– को सुविधा दिइनेछ ।

(२) ३ महीनाभन्दा बढी वा १ वर्षसम्म विदेशमा बिताई फर्केको नेपाली नागरिकले रू. १२,०००।– सम्मको मालसामान बिना इजाजतपत्र ल्याउन पाउनेछ र त्यस्ता माल सामानहरूमा लाग्ने महसूलमध्ये भन्सार महसूल र बिक्रीकर गरी रू. २,८००।– छुट दिइनेछ ।

(३) ३ महीनाभन्दा कम समय विदेशमा बिताई फर्केका नेपाली नागरिकहरूले रू. ६,०००।– सम्मको मालसामान बिना इजाजतपत्र ल्याउन पाउनेछ र त्यस्ता माल सामानमा लाग्ने भन्सार महसूल र बिक्रीकर गरी रू. १,४००।– छुट दिइनेछ ।

(४) उपदफा (१), (२) र (३) का सुविधाहरू एक आर्थिक वर्षमा एक पटक वा बढीमा ३ पटक गरी जम्मा रू. ४,२००।– मात्र दिइनेछ ।

(५) १६ वर्षभन्दा कम उमेरका नेपाली नागरिक विदेशमा बसी फर्की आएमा दफा २, ३ र दफा ६ को उपदफा (१), (२) र (३) मा पाउने सुविधाको ५० प्रतिशत मात्र पाउनेछ ।

(६) विदेशमा काम गरी विदेशी मुद्रा आर्जन गरेको आधिकारिक प्रमाण भएका नेपाली नागरिकहरूले भन्सार महसूल तथा बिक्रीकर तिरी आफ्नो साथमा सुन ल्याउन पाउनेछ ।

(७) दफा ६ को उपदफा (१) देखि (६) सम्म सुविधा पाउने यात्रीहरूलाई भन्सार महसूल र बिक्रीकर निर्धारण गर्दा यस सूचनाको दफा ४ को उपदफा (१) र (२) बमोजिम नगरी प्रचलित भन्सार महसूल तथा बिक्रीकर दरबन्दी अनुसार गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. विदेशी पर्यटकहरूको लागिः– पासपोर्ट लिई आउने जाने विदेशी पर्यटकहरूका लागि निम्नबमोजिम सुविधा दिइएको छ ।

(१) पछि फिर्ता जाने शर्तमा छाडिने

क. चलनचल्तीमा ल्याएको बाइनाकुलर (दूरवीन) गोटा एक ।

ख. चलनचल्तीमा ल्याएको मुभी क्यामरा वा भीडीओ क्यामरा (सोको डेकसहित) गोटा एक, क्यामरा गोटा एक।

ग. रेडियोग्राम एक, रेकर्डप्लेयर एक, रेडियो एक वा टु-इन-वन, थ्री-इन-वन एक ।

घ. चलनचल्तीको टेप रिकर्ड एक र टेप रिल वा टेप क्यासेट १५ ।

ङ. चलनचल्तीको रेकर्ड गोटा दश ।

च. पेराम्बुलेटर गोटा एक, ट्राइसाइकल एक ।

छ. चलनचल्तीमा ल्याएका लुगा फाटाहरू बर बिछ्यौना कसन, तसन, घर गृहस्थिको पुरानो वस्तुहरू गैह्र तर मोटर साइकल, साईकल यस्तै सवारीका साधनहरू र खरखजानामा महसूल लाग्नेछ।

ज. चलनचल्तीमा ल्याएका फाउन्टेन्पेन एक, डटपेन वा सीसाकलमसहितको सेट एक ।

झ. चलनचल्तीमा ल्याएको घडी एक ।

ञ. जुनसुकै पेशामा लागेको व्यक्ति भए पनि सोसम्बन्धी कामको सामान जस्तैः–

अ. कर्मीले काम गर्ना निमित्त चलनचल्तीमा ल्याएको ज्यावल बढीमा १ सेट ।

आ. डाक्टरको काम गर्ना निमित्त चलनचल्तीमा ल्याएको सामान्य किसिमको औजार सामानहरू र सम्बन्धित विशेषज्ञको लागि चलनचल्तीमा ल्याएको आवश्यकीय सामानहरू ।

इ. चलनचल्तीमा ल्याएको डाक्टर, बैद्यको यन्त्र तथा औषधि राख्ने सानो बाकस (वृफकेस टाइप) ।

ई. गवैयाको गाना बजानाको यन्त्र एक गाना बजानासम्बन्धी आवश्यक सामान ।

उ. खेलाडीको खेलको सामान ।

ऊ. माछा मार्ने रड ।

ट. विशेष काम वा परिस्थिति अनुसार भन्सार प्रमुखले औचित्य ठहराएको अन्य सामान ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खपत हुने मालसामानः–

१. रक्सी बोतल एक १.१५ लिटरसम्मको वा बियर १२ क्यानसम्म ।

२. चुरोट २०० खिल्ली, सिगार ५० खिल्ली, टोवाको २५० ग्राम ।

३. क्यामराको फिल्म १५ गोटा र मुभी फिल्म १२ रिल ।

४. औषधि रू. ५००।– (पाँच सय रुपैयाँ) सम्म ।

५. खाने कुराहरू टिन प्याक समेत रू. १,०००।– सम्मको ।

६. ताजा फलफूल रू. ५००।– सम्मको ।

(३) नेपाल अधिराज्यबाट लैजान सक्ने सौगातको हकमा विदेशी पर्यटकले नेपालमा उत्पादित बढीमा रू. १५,०००।– सम्मको माल सामान बिना इजाजतपत्र (नियन्त्रित वा मनाही गरेको बाहेक) लैजान सक्नेछ ।

८. सिमाना ओहर दोहर गर्ने व्यक्तिको लागिः– सिमानामा ओहोर दोहोर गर्ने व्यक्तिहरूलाई माथि दफा दफाहरूमा उल्लेख भएको कुनै सुविधाहरू दिइनेछैन । तर रू. २५।– सम्म मोल पर्ने निजी प्रयोगका मालसामान ल्याएमा भन्सारले औचित्य हेरी महसूल नलिई छोड्न सक्नेछ ।

९. विदेशमा मृत्यु भएका नेपाली नागरिकहरूको निजी प्रयोगका सामानहरूको सम्बन्धमाः– कोही नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको रहेछ भन्ने प्रमाणित भए निज र निजका परिवारको निजी प्रयोगका १ वर्ष पुराना सबै सामानहरू स्वदेश फिर्ता ल्याउँदा त्यस्ता सामानमा कुनै भन्सार महसूल र बिक्रीकर लाग्नेछैन ।

१०. क्रू मेम्बरहरूको सम्बन्धमाः– आफ्नो तोकिएको काममा गएका हवाई कर्मचारीहरू (क्रू मेम्बर)लाई हरेक पटक बाहिर गए बापत दैनिक पाउने भत्ताको ४० प्रतिशतसम्मको रकमको दफा २ र ३ बमोजिमको सामानमा भन्सार बिक्रीकर लाग्नेछैन ।

११. बन्देज :– (१) यो सूचना अनुसार अन एकम्पनीड गरी ल्याउने मालसामान यात्रीले आफू पुगेको ठाउँबाट चलान गरेको हुनु पर्दछ । अन्यथा यसमा उल्लेखित सुविधाहरू प्राप्त हुनेछैन ।

(२) अन एकम्पनीड गरी आउने आफ्नो सामानको विवरण तथा नेपाल आइपुग्ने सम्भाव्य मितिसमेत खुलाई यात्रीले नेपाल प्रवेश गर्दाको अवस्थामा नै घोषणा गर्नु पर्नेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा (६) बमोजिमको सुविधा प्राप्त गर्नको लागि नेपाली नागरिकले नेपालमा प्राप्त सटही सुविधा र विदेशमा बसी आर्जन गरेको विदेशी मुद्राको आधिकारिक प्रमाण पेश गर्नु पर्नेछ ।

(४) विदेशी मुद्राको आधिकारिक श्रोत हुनेले यस सूचनाको दफा ३ र ६ अनुसार पाउने सुविधा उपभोग नगरे जति मात्र आयात इजाजत-पत्र अन्तर्गत ल्याएको सामान त्यस आर्थिक वर्षको लागि एक पटक उपयोग गर्न सक्नेछ ।

खण्ड ३३ मिति २०४०।४।१७ अतिरिक्ताङ्क १४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।